**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को अनुसूचि ८ बमोजिकको एकल अधिकार सूचि, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ट (१) र ध ले दिएको अधिकार प्रयोग गरी यस सायल गाउँपालिका क्षेत्र भित्रको खानेपानी, सिंचाई, साना खानेपानी विद्युत आयोजना निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यलाई व्यवस्थित रुपले संचालन गर्नका लागि सोही ऐनको दफा १०२ मा भएको व्यवस्था बमोजिम वाञ्छनिय भएकाले।

१.**संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्य विधिको नाम “जन उपभोक्ता समिति/संस्था दर्ता सम्बन्धि कार्यविधि ,२०८१" रहेको छ ।

(ख) यो कार्यविधि सायल गाउँपालिकाको गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) “खानेपानी उपभोक्ता समिति/संस्था” भन्नाले प्रचलित ऐन,दफा र कार्यविधि बमोजिम सायल गाउँ कार्यपालिका क्षेत्र भित्र रहेका खानेपानीश्रोतको सदुपयोग गरी खानेपानी, सिंचाई, साना लघु खानेपानी विद्युत आयोजना आदिको निर्माण गरी सामूहिक हितको लागि कार्य गर्ने गरी गठन भएको खानेपानी उपभोक्ता समितिलाई सम्झनु पर्छ । सो वाक्यले सायल गाउँपालिका क्षेत्र भित्रका खानेपानी उपभोक्ता समिति/संस्थालाई समेत जनाउँछ ।

(ख) “अध्यक्ष भन्नाले” दफा (२) क बमोजिम गठन भएको खानेपानी उपभोक्ता समिति/संस्थाको अध्यक्षलाई जनाउँदछ ।

(ग) “सदस्य तथा अन्य पदाधिकारी भन्नाले” दफा (२) क बमोजिम गठन भएको खानेपानी उपभोक्ता समिति/संस्थाको सदस्यहरु तथा पदाधिकारीहरुलाई जनाउँदछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत भन्नाले” सायल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) “वडा” भन्नाले सायल गाउँ पालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

(च) “कार्यालय” भन्नाले सायल गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले सायल गाउँपालिका भित्रका वडा कार्यालय समेतलाई बुझाउँदछ ।

(छ) “स्थानीय तह” भन्नाले सायल गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. **सायल गाउँपालिकाले खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गर्न सक्नेः**

(१) नेपालको संविधान, २०७२ को अनुसूचि–८ मा एकल अधिकारको सूचिमा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ उपदफा (२) ट (१) र ध को अधिनमा रहि सायल गाउँपालिका क्षेत्र भित्रका खानेपानी श्रोतको उपयोग गरी खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई तथा वृहत खानेपानी, विद्युत आयोजनाको निर्माण गरी स्थानीय श्रोत र साधनको समुचित सदुपयोग गर्नको लागि सायल गाउँपालिकाले खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गर्न सक्नेछ ।

**४.खानेपानी उपभोक्ता समितिले अपनाउनु पर्ने कार्यविधि:**

दफा ३ को उपदफा (१) बमोजिम खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गर्नको लागि खानेपानी उपभोक्ता समिति/संस्थादर्ता गर्न ईच्छुक समूह वा खानेपानी उपभोक्ता समिति/संस्थाले देहाय बमोजिमको कार्यविधि अपनाउँनु पर्नेछः–

(क) खानेपानी, सिंचाई, खानेपानी र विद्युत आयोजना निर्माण गर्दा सम्बन्धित वडाका अध्यक्ष वा सदस्यको उपस्थितिमा सो क्षेत्रका लाभान्वित घर परिवार र स्थानीय समुदायको भेलावाट खानेपानी उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम गठन भएको खानेपानी उपभोक्ता समितिले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई तथा खानेपानी विद्युत आयोजनाको संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा परियोजनावाट लाभान्वित जन संख्या, कार्य क्षेत्र, उद्देश्य, समितिको निर्वाचन प्रणाली, पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार लगायतका विषयहरु समेटी दुई प्रति विधान तयार गरी सम्बन्धित समितिवाट अनुमोदन गराउनु पर्दछ ।

(ग) खण्ड (क) बमोजिम गठन भएको खानेपानी उपभोक्ता समितिले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाई, खानेपानी र विद्युत आयोजना दर्ता गर्न सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि –१ बमोजिमको ढाँचामा भएको व्यहोराहरु स्पष्ट खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

**५. सूचना जारी गर्ने:**

(१) दफा (४) खण्ड (ग) बमोजिम खानेपानी उपभोक्ता समिति⁄संस्था दर्ता गर्नको लागि पेश भएका निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सायल गाउँपालिकाको कार्यालयले खानेपानी श्रोत उपयोग गर्ने सम्बन्धमा कोही कसैको दावी विरोध भए नभएको सम्बन्धमा अनुसूचि –२ बमोजिमको ढाँचामा ३५ दिन सम्म दावी विरोधको समयावधी रहेको सूचना जारी गर्नु पर्दछ ।

(क) दफा ५ को उपदफा (१) बमोजिमको सूचनामा देहायको विषयहरु उल्लेख भएको हुनु पर्दछ ।

(१) खानेपानी उपभोक्ता समिति⁄संस्थाको नाम, कार्यालय रहेको ठेगाना

(२) खानेपानीश्रोतको उपयोग सम्बन्धि विवरण

(३) खानेपानीश्रोत रहेको स्थान तथा मुहान

(ख) उपदफा (१) मा उल्लेख भएको अनुसूचि –२ बमोजिमको सूचना सायल गाउँपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयले सूचना पाटीमा अनिवार्य रुपमा टाँस गर्नु पर्ने छ र सम्बन्धित वडा कार्यालयले सो को जानकारी गाउँ कार्यपालिकालाई दिनुपर्नेछ ।

**६. सायल गाउँपालिकाको खानेपानी श्रोत समितिः**

(१) गाउँपालिका क्षेत्र भित्रका खानेपानी उपभोक्ता समिति⁄संस्थाहरु को दर्ता सिफारिस, अध्ययन र अनुगमन समेत गर्नको लागि देहाय बमोजिमको सायल गाउँपालिकाको खानेपानीश्रोत समिति हुनेछ ।

| | |
|---|---|
| (क) पूर्वाधार विकास समितिको संयोजक | –संयोजक |
| (ख) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | – सदस्य |
| (ग) पूर्वाधार विकास शाखा प्रमुख | –सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासन हेर्ने कर्मचारी | –सदस्य सचिव |

**७. सायल गाउँपालिकाको खानेपानी श्रोत समितिको काम, कर्तव्य र अधिकार:** सायल गाउँपालिकाको खानेपानीश्रोत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) सायल गाउँपालिका भित्रका खानेपानी श्रोत र खानेपानी सम्पदाहरुको पहिचान गर्ने।

(२) खानेपानी उपभोक्ता समिति दर्ताका लागि पेश भएका निवेदनहरुको अध्ययन गरी दर्ताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(३) खानेपानी उपयोग गर्ने सम्बन्धमा उत्पन्न भएका समस्याहरु समाधान गर्ने ।

(४) सायल गाउँपालिका गाउँ कार्यपालिकाले खानेपानी (मिनरल वाटर, स्प्रिङ्ग वाटर, ग्लेसियर वाटर) सिंचाईमा प्रयोग गरी बढी भएको खानेपानी श्रोत अन्य प्रयोजनका लागि फरक संस्था वा व्यक्तिलाई अनुमति दिन सक्नेछ ।

(५) सायल गाउँपालिका गाउँ कार्यपालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

**८. सायल गाउँपालिका खानेपानीश्रोत समितिको वैठकः** सायल गाउँपालिका खानेपानी श्रोत समितिको वैठक आवश्यकता अनुसार बस्ने छ र वैठक बसे वापत नियमानुसार वैठक भत्ता प्रदान गरिनेछ ।

**९.खानेपानी उपभोक्ता समिति/संस्था दर्ता तथा नविकरणः**

सायल गाउँपालिका भित्र रहेका खानेपानी उपभोक्ता समिति/संस्था सायल गाउँपालिका गाउँ कार्यपालिका सभावाट स्वीकृत दर बमोजिमको शुल्क बुझाई गाउँपालिका कार्यालयमा दर्ता र प्रत्येक आ.व.को असोज मसान्त भित्र नविकरण गर्नुपर्नेछ ।

**१०.खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गर्ने:**

(१) दफा (५) बमोजिम खानेपानी उपभोक्ता समिति/संस्थादर्ता गर्नको लागि जारी भएको दावी विरोध सम्बन्धि ३५ (पैंतिस) दिने सूचनाका सम्बन्धमा सम्बन्धित वडा कार्यालयवाट खानेपानी उपभोक्ता समिति/संस्थादर्ता गर्ने प्रयोजनको लागि कोही कसैको दावी विरोध नभएको भनि पुनः सिफारिस भए पछि मात्र खानेपानी उपभोक्ता समिति/संस्थादर्ता गर्नको लागि सायल गाउँपालिका खानेपानी श्रोत समिति समक्ष फाईल पेश गर्नुपर्दछ ।

(२) सायल गाउँपालिका खानेपानीश्रोत समितिले उपदफा (१) बमोजिम पेश भएका फाईलहरुको अध्ययन गरी खानेपानी उपभोक्ता समिति/संस्थादर्ता गर्नको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा २ बमोजिम सिफारिस भएका सायल गाउँपालिका खानेपानी उपभोक्ता समिति/संस्था दर्ता गरी अनुसूचि–३ बमोजिमको ढाँचामा उपभोक्ता समिति/संस्था दर्ता प्रमाण–पत्र प्रदान गर्नु पर्नेछ ।

**११. दर्ता तथा नविकरण शुल्क**

क) खानेपानी तथा सिंचाईका लागि खानेपानी उपभोक्ता समिति दर्ता शुल्क रु २५००। ख) व्यापारिक प्रयोजनका लागि कम्पनी दर्ता शुल्क रु १००००। नविकरण शुल्क रु ५०००। गाउँ सभाले स्विकृत गरे बमोजिम दर्ता तथा नविकरण शुल्क कायम हुनेछ ।

१) दर्ताका लागि आवश्यक कागजात

१. व्यक्ति/फर्मको निवेदन
२. समितिका पदाधिकारीहरुको ना.प्र.प.को प्रतिलिपि
३. ब्यवसायीक योजना सहित ४ किल्ला खुल्ने ट्रोपोग्राफिकल नक्सा
४. मुहान भएको जग्गाको लालपुर्जा(यदि निजि जग्गामा मुहान भएमा)
५. वडा कार्यालयको सिफरिस
६. शुल्क बुझाएको रसिद

**१२. खारेजी तथा बचाउः** यो कार्यविधिका दफाहरु संघीय कानून र बागमती प्रदेश कानून संग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ र आवश्यकता अनुसार सायल गाउँपालिकाको गाउँ कार्यपालिकाले परिमार्जन समेत गर्न सक्नेछ ।

(अनुसूचि –१)

(दफा ४ को उपदफा १(ग) सँग सम्बन्धित)

उपभोक्ता समिति दर्ताका लागि निवेदन –पत्रको ढाँचा

मिति ः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सायल गाउँपालिकाको कार्यालय
दुदिलेगडा, डोटी ।

महोदय,

हामीले खानेपानी उपभोक्ता समिति/संस्था गठन गरी दर्ता गर्न चाहेको स्थानीय सरकार संचालन ऐन, २०४७ को दफा (२) ट र ध मा भए बमोजिम खानेपानी उपभोक्ता समिति/ संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको विधान र रु.......... रुपैंयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता समिति/संस्थाको नामः

२. कार्य क्षेत्रः ३. उद्देश्यहरुः क)

ख)

ग)

४. जल उपभोक्ता समिति/कम्पनीका सदस्यको नामः ठेगाना पेशा

क)

ख)

ग)

घ)

ङ)

५. उपयोग गरिने जलश्रोतको विवरणः

क) जलश्रोतको नाम र सो रहेको ठाउः

ख) जलश्रोत बाट गरिने प्रयोगः

ग) उपभोक्ता समिति/संस्थाले प्रयोग गर्न चाहेको जलश्रोतको परिमाणः

घ) उक्त जलश्रोतको हाल भई रहेको उपयोगः

६. उपभोक्ता समितिले पुयाउन चाहेको सेवा सम्बन्धि विवरणः

अ) सेवाको किसिमः

आ)

ख) सेवा पुयाउने क्षेत्रः

ग) सेवा वाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

घ) भविष्यमा सेवा निरन्तर गर्न सकिने सम्भावनाः

७. आर्थिक श्रोतको विवरणः

(क)                                                                  (ख)

८. कार्यालयको ठेगानाः

निवेदकः

सहिः

नामः

पदः

(अनुसूचि –२)

(दफा ५ को उपदफा १(ख) संग सम्बन्धित)

सूचनाको ढाँचा

सायल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चलानी नं.:                                                                  मिति:

सूचना

डोटी जिल्ला सायल गाउँपालिका अन्तर्गत देहायको खानेपानी उपभोक्ता समिति/संस्था दर्ताको लागि यस कार्यालयमा निवेदन पेश हुन आएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम जल उपभोक्ता समिति/संस्था दर्ता प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त सम्बन्धमा कुनै दावी विरोध भए आजका मितिले ३५ दिन भित्र यस कार्यालयमा पेश गर्न सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

१. समितिको नामः

२. ठेगानाः

३. उद्देश्यः

४. मुहानको नामः

सूचना जारी गर्ने अधिकारी

दस्तखत:..............................

नाम,थरः...............................

पदः प्रमुख प्रशासकीय अधिकृत

(अनुसूचि – ३)

(दफा १० को उपदफा ३ संग सम्बन्धित)
खानेपानी उपभोक्ता समिति दर्ता प्रमाणपत्रको ढाँचा

सायल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय दुदिलेगडा, डोटी

सुदुरपश्चिम प्रदेश,नेपाल

खानेपानी उपभोक्ता समिति⁄संस्था दर्ता प्रमाण–पत्र

दर्ता नं.

श्री.............................

...........................................

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ (२) ट र ध मा भएको व्यवस्था बमोजिम डोटी जिल्ला सायल गाउँपालिका वडा नं........स्थित ...................................................उपभात्को समिति⁄संस्था यस सायल गाउँपालिकामा दर्ता गरी यो प्रमाण –पत्र प्रदान गरिएको छ ।

प्रमाण–पत्र जारी गर्ने अधिकारीः

सहीः

नाम,थरः

पदः